सुझावपत्र:

# 3 to 5 प्रारम्भिक सहयोग (अर्ली इन्टरभेन्सन)

## 3 देखि 5 वर्ष



PEAL CENTER

**प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप सेन्टर**

*शिक्षा तथा स्वास्थ्य स्याहारमा समावेश तथा पहुँचलाई प्रवर्द्धन गर्दै* | *PA भरिमा परिवार तथा युवा वयस्कहरूलाई सशक्त पार्दै*

## प्रिस्कुल प्रारम्भिक सहयोग भनेको के हो ?

बालबालिकाहरूले हुर्कंदै जाँदा 3-5 वर्षको भएदेखि अनेकौं सीपहरूको विकास गर्छन्। कहिलेकाहीँ बच्चाले नयाँ सीपहरू विकास गरिरहेका तथा सिकिरहेका छन् भनेर सुनिश्चित गर्न बच्चालाई विशेष मद्दत आवश्यक पर्छ।

यदि तपाईं वा अरू कोही तपाईंको बच्चा वृद्धि तथा/वा सीप विकासका बारेमा चिन्तित हुनुहुन्छ भने मद्दत उपलब्ध छ ! 3 – 5 वर्षका बालबालिकाहरूका लागि यसलाई ***प्रिस्कुल प्रारम्भिक सहयोग (प्रिस्कुल अर्ली इन्टरभेन्सन) भनिन्छ।***

प्रिस्कुल प्रारम्भिक सहयोग (EI) सेवाहरू:

- → यी सेवाहरूले तपाईंको परिवार तथा बच्चाका आवश्यकता तथा प्राथमिकताहरूलाई पूरा गर्छन्
- → यी सेवाहरू परिवारहरूलाई निःशुल्क उपलब्ध गराइन्छ
- → यी सेवाहरूलाई नियमित सहपाठीहरूका साथ ***न्यूनतम प्रतिबन्धात्मक वातावरणमा*** उपलब्ध गराइन्छ
- → यी सेवाहरूले परिवारलाई धेरै क्षेत्रहरूमा तपाईंको बच्चाको विकासका बारेमा बुझ्न र विकासलाई बढाउनमा मद्दत गर्छ:
  - ☑ संज्ञानात्मक
  - ☑ सञ्चार
  - ☑ सामाजिक तथा भावनात्मक
  - ☑ दृष्टि तथा श्रवण लगायत शारीरिक

## समयसीमा

*तपाईंले मूल्याङ्कन गर्नका लागि मञ्जुरी फाराममा हस्ताक्षर गरिसकेपछि समयसीमा सुरु हुन्छ।*

↓ **60 दिन** ↓

*60 क्यालेन्डर दिनभित्र अनिवार्य रूपमा मूल्याङ्कन पूरा गरिनुपर्छ र मूल्याङ्कनको प्रतिवेदन लिखितमा तयार गरिनुपर्छ।*

↓ **30 दिन** ↓

*मूल्याङ्कन पूरा गरिएको 30 दिनभित्रमा व्यक्तिकृत शिक्षा कार्यक्रम (Individual Education Program, IEP) लेख्नका लागि अनिवार्य रूपमा बैठक बोलाइनुपर्छ।*

↓ **14 दिन** ↓

*EP लेखिएपछि र आमाबुबा/अभिभावकले स्वीकृत गरेको 14 दिनभित्र, सेवाहरू अनिवार्य रूपमा उपलब्ध गराइनुपर्छ।*

## को योग्य हुन्छ ?



***3–5 वर्षका बालबालिकाहरू:***

- जसमा विकाससम्बन्धी ढिलाइ (सुस्तता) छ
- वा, जसमा तल दिइएका 13 वटा अपाङ्गताहरू मध्ये कुनै एक छ
- र जसलाई विशेष तरिकाले तयार गरिएको शिक्षण आवश्यक पर्छ

***योग्य गराउने अपाङ्गताहरू***

1. अटिजम
2. अन्धोपन
3. बहिरोपना
4. भावनात्मक गडबडी
5. श्रवणसम्बन्धी कमजोरी
6. बौद्धिक अपांगता
7. विभिन्न अपाङ्गताहरू
8. हड्डीसम्बन्धी कमजोरी
9. अन्य स्वास्थ्य कमजोरी
10. विशेष सिकाइसम्बन्धी अपाङ्गता
11. स्पीच तथा ल्याङ्ग्वेज (बोली वा भाषा) सम्बन्धी कमजोरी
12. ट्रमाटिक मस्तिष्क चोटपटक
13. दृष्टिसम्बन्धी कमजोरी

## परिवारका लागि त्यसपछि के हुन्छ ? के अपेक्षा गर्न सकिन्छ ?

1. **रिफरल**—प्रिस्कुल प्रारम्भिक सहयोग सेवाहरू (EI) मा पहुँच बनाउन तपाईंको बच्चालाई रिफर (सिफारिस) गर्न आवश्यक हुन्छ। परिवारको सदस्य, दिवा स्याहार/प्रिस्कुल शिक्षक, चिकित्सक वा अन्य EI पेशाकर्मीद्वारा रिफरल गर्न सकिन्छ।
2. **सेवा संयोजक**—सेवा संयोजक (सर्भिस कोर्डिनेटर) भनिने व्यक्तिलाई परिवारहरूलाई बुझ्नमा मद्दत गर्न र प्रारम्भिक सहयोग प्रणालीमा अगाडि बढ्नमा सहयोग गर्न एकमात्र सम्पर्क बिन्दुको रूपमा नियुक्त गरिन्छ।
3. **मूल्याङ्कन**—यदि तपाईंको बच्चालाई रिफर गरिएको छ भने उनको मूल्याङ्कन गरिन आवश्यक हुन्छ। एजेन्सीले प्रक्रियाका बारेमा स्पष्ट पार्नुपर्छ, मूल्याङ्कनका लागि तपाईंको लिखित मञ्जुरी प्राप्त गर्नुपर्छ र यसको समय निर्धारण गर्नुपर्छ। मूल्याङ्कनले तपाईंको बच्चा प्रिस्कुल प्रारम्भिक सहयोग सेवाहरूका लागि योग्य हुन्छन्/हुन्छिन् कि हुँदैनन्/हुँदैनिन् भनेर निर्धारण गर्नेछ।
4. **व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP)**—यदि तपाईंको बच्चा योग्य भएमा आमाबुबासहितको टोलीले व्यक्तिकृत सेवाहरूका लागि लिखित योजना तयार गर्छ।

यदि तपाईंको बच्चा योग्य नभएको पाइएमा तपाईंले अन्य विकल्पहरूका बारेमा विचार गर्न वा नतिजाको प्रतिवाद गर्न सक्नुहुनेछ। आफ्नो ***प्रक्रियागत सुरक्षाहरूको*** समीक्षा गर्नुहोस्।

**सुझावहरू:** सक्रिय रूपमा संलग्न हुनुहोस् ! आफ्नो बच्चाका कागजपत्रहरू र टिमका सदस्यहरू बारेको जानकारीको रेकर्डहरू राख्नुहोस्।

## व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP):
## परिवारका लागि त्यसपछि के हुन्छ ?
## तपाईंले के अपेक्षा गर्नुपर्छ ?

***व्यक्तिकृत शिक्षा कार्यक्रम*** लिखित योजना हो जसमा देहायका हुन्छन्:

- तपाईंका बच्चाका हालका सीप तथा आवश्यकताहरू
- विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू
- विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू उपलब्ध गराइने वातावरणहरू
- मापन गर्न सकिने लक्ष्यहरू र लक्ष्यहरूसम्म पुग्ने समयसीमाहरू
- यदि आवश्यक भएमा ट्रान्जिसनको योजना
- योजना समीक्षा गरिने मिति (अनिवार्य रूपमा एक वर्षभित्र हुनुपर्छ)

***सेवाहरू व्यक्ति अनुसार एकदमै फरक-फरक हुन्छन् ।*** उदाहरणहरूमा देहायका पर्दछन्:

- सहयोगमूलक प्रविधि,
- श्रव्य विज्ञान/श्रवण शक्ति,
- स्पीच तथा ल्याङ्ग्वेज (बोली तथा भाषा),
- परामर्श तथा प्रशिक्षण,
- चिकित्सकीय सेवाहरू,
- नर्सिङ सेवाहरू,
- पोषण सेवाहरू,
- अकुपेशनल थेरापी,
- शारीरिक थेरापी र
- मनोवैज्ञानिक सेवाहरू

***सेवाहरूलाई न्यूनतम प्रतिबन्धात्मक वातावरण (Least Restrictive Environment, LRE) मा उपलब्ध गराइनुपर्छ ।*** बालबालिकाहरूलाई उपयुक्त भएसम्म अपाङ्गता नभएका अन्य बालबालिकाहरूसँगै नियमित शिक्षा कक्षाहरूमा पढाइनुपर्छ । ***पूरक सहायता तथा सेवाहरूले*** अपाङ्गता भएका बच्चालाई नियमित कक्षाकोठामा र स्कुलका अन्य क्रियाकलापहरू सहभागी हुन सहयोग गर्छन् ।

आफ्नो बच्चाका लागि ***आफ्नो दीर्घकालीन सोच तयार गर्नुहोस् र त्यसलाई साझा गर्नुहोस् ।*** दीर्घकालीन सोच कथन कसरी लेख्ने भनेर सिक्नुहोस् । तल श्रोतसाधनहरूमा उल्लेख गरिएको स्टुडेन्ट स्न्यापशुट (Student Snapshot) टुल प्रयोग गर्ने बारेमा विचार गर्नुहोस् ।

तपाईंले IEP का बारेमा कुनै पनि ***चिन्ताका कुरा तथा असहमतिहरूका*** बारेमा छलफल गर्न बैठकका लागि अनुरोध गर्न सक्नुहुन्छ ।

स्कुलले तपाईंका लागि प्रस्तावित कार्यक्रमसँग सहमत वा असहमत हुन ***सिफारिस गरिएको शैक्षिक स्थापनको सूचना/पूर्व लिखित सूचना (NOREP/PWN)*** जारी गर्नेछ । यसमा हस्ताक्षर गर्नका लागि तपाईंसँग दश क्यालेन्डर दिन हुन्छ । आफ्नो ***प्रक्रियागत सुरक्षा सूचनालाई*** साथमा राख्नुहोस् ।

## परिवारहरूका लागि महत्त्वपूर्ण कदमहरू

☑ पहिलेदेखि नै रहेका आफ्नो बच्चाको विकास तथा सहायताहरूका बारेमा आफ्नो चिन्ताहरूलाई साझा गर्नुहोस्, जस्तै कि सामुदायिक समूह/एजेन्सी सहायताहरू, अभिभावक समूहहरू, विस्तारित परिवार, इत्यादि ।

☑ तपाईंले यस प्रक्रियासँग सम्बन्धित फोन कल तथा कागजपत्रहरू प्राप्त गर्नुहुनेछ । आफ्ना कागजपत्रहरू तथा सम्पर्क जानकारीलाई व्यवस्थित गर्ने तरिका निर्माण गर्नुहोस् । यो एकदमै महत्वपूर्ण हुन्छ !

☑ तपाईंले इमेल वा फोनबाट सञ्चारहरू चाहनुहुन्छ र तपाईंलाई आफ्नो मूल भाषामा कुनै पनि विशेष व्यवस्था वा दोभाषे सेवा तथा कागजपत्रहरू आवश्यक पर्छ कि भनेर सेवा प्रदायकहरूलाई जानकारी गराउनुहोस् ।

☑ ***तपाईंको सहभागिता महत्त्वपूर्ण हुन्छ*** - सञ्चार नै कुञ्जी हो !

## स्कुल उमेरका कार्यक्रमहरूमा ट्रान्जिसन

प्रिस्कुल प्रारम्भिक सहयोगमा भएका स्कुलमा जानसक्छन्: ***जब उनीहरू किन्डरगार्टेनका लागि योग्य हुन्छन् वा उनीहरू पहिलो ग्रेडका लागि योग्य हुन्छन् ।***

औपचारिक ट्रान्जिसन योजना प्रकिया अनिवार्य रूपमा तपाईंको बच्चा किन्डरगार्टेन वा पहिलो ग्रेडमा जाने योजना बनाउनुभन्दा ***एक वर्ष*** पहिले सुरु गर्नुपर्छ । यो प्रक्रिया आवश्यक हुन्छ ताकि परिवारले बुझ्न र सूचित निर्णयकर्ताहरूको रूपमा सहभागी हुन सकून् । तपाईंको बच्चा स्कुल उमेरको कार्यक्रममा जाने वर्षको ***फेब्रुअरी 1 मा वा सोभन्दा अगाडि*** तपाईंले ट्रान्जिसन प्रक्रियाका बारेमा औपचारिक सूचना प्राप्त गर्नुहुनेछ । यस प्रक्रिया बारेका सबै कागजपत्रहरू तपाईंको मूल भाषामा हुनुपर्छ ।

यदि तपाईंको बच्चा स्कुल उमेरको कार्यक्रममा जानका लागि तयार हुँदैछन् भने विस्तृत जानकारी भएको छुट्टै टुलकिट रहेको छ जो परिवारहरूलाई बुझ्नका लागि एकदमै महत्त्वपूर्ण हुन्छ ।



## श्रोतसाधनहरू

कनेक्ट हेल्पलाइन: 1-800-692-7288, www.connectpa.net
PA मा प्रारम्भिक सहयोगका बारेमा परिवार परिचय: https://bit.ly/2RYx8dK
NOREP/PWN: https://bit.ly/2wCx7UD
PA मा प्रारम्भिक सहयोगका बारेमा परिवार परिचय: https://bit.ly/398LRbG
स्टुडेन्ट स्न्यापशट: https://bit.ly/2Upr1AP
पूरक सहायता तथा सेवाहरू, SAS: https://bit.ly/2T3MpJB
स्कुल उमेर कार्यक्रमहरूमा ट्रान्जिसन: https://bit.ly/32feHoA